बजार

सोसाइटीको शाखा स्थानान्तरण

रौतहटको चन्द्रनिगाहपुरमा रहेको सोसाइटी डेभलपमेण्ट बैङ्कको शाखा स्थानान्तरण भएको छ । चन्द्रनिगाहपुरको तल्लो बजारबाट सेवा दिँदै आएको बैङ्कले मुख्य चोकमा शाखा स्थानान्तरण गरेको हो । बैङ्कले नारी बचत, घर कर्जा, सवारीसाधन कर्जालागयत कारोबार गर्दै आएको छ ।

बजारमा विण्टर सेलको लहर

कपडा र जुत्तामा विशेष छूट

पृथराज थेगिम

फागुन ३, काठमाडौं । अहिले बजारमा अधिकांश व्यवसायीले वेयरिङ सामग्रीको विक्री लक्षित गर्दै 'विण्टर सेल' सञ्चालनमा ल्याएका छन् । विभिन्न विदेशी ब्राण्डका कपडा, जुत्तालगायत एसेसरिजको विक्रीमा उनीहरूले ६० प्रतिशतसम्म छूट दिएका छन् । ली एण्ड रिबोक, जिओरडानो, एडिडास, लिभाइज, जारा, जोनप्लेयर जस्ता ब्राण्डका सामग्रीमा विभिन्न छूट योजना ल्याइएको छ । यो सिजनमा विण्टर कपडाको स्टक क्लीयरेन्स गरी गर्मी यामका नयाँ भेराइटी ल्याउन व्यवसायीले छूट दिएका हुन् ।

ली एण्ड रिबोक ब्राण्डका जेनेरल म्यानेजर दिलीप केसी यो सिजन व्यवसायी र ग्राहक दुवैका लागि राम्रो अवसर भएको

बताउँछन् । व्यवसायीले स्टक क्लियरेन्सका विभिन्न स्किम ल्याउँदा ग्राहकले छूटमा सामान पाउने उनको भनाइ छ । उक्त ब्राण्डमा ६० प्रतिशतसम्म छूटको व्यवस्था रहेको उनले जानकारी दिए । 'कपडा, जुत्तालगायत एसेसरिज खरीद गर्न १५ प्रतिशत ग्राहक सेल पर्खेर बसेका हुन्छन्,' उनले भने, 'यो बेला अन्य समयमा भन्दा ४० प्रतिशत बढी व्यवसाय हुन्छ ।'

दरबारमार्गस्थित जिओरडानो ब्राण्डका व्यवसायी राम प्याकुरेलले 'न्यू एराइभल' नभित्रिएसम्म स्टक क्लीयरेन्स योजना चल्ने बताए। केही 'न्यू एराइभल', 'मिड टर्म' र 'ओल्ड स्टक'मा रहेका ज्याकेट, स्विटर, शर्टलगायत ३० देखि ६० प्रतिशतसम्म छूटमा उपलब्ध गराइरहेको उनले जानकारी दिए । युनाइटेड ट्रेड सेण्टरका व्यवसायी विशाल राज वैद्यले भारत, चीन, पाकिस्तानलगायतबाट आयातित कपडाहरूमा ५० प्रतिशतसम्म छूट दिइएको बताए ।

अहिले समर कपडा खरीद गर्ने ग्राहक पनि बढ्न थालेको व्यवसायीहरूले बताएका छन् । एक/डेढ महीनाभित्र समरका नयाँ कपडाहरू भित्रिने उनीहरूको भनाइ छ । ज्याकेट, जुत्ता, स्विटर, टाउजर, टीशर्ट्स, शर्ट, पाइण्ट, कोटलगायत विभिन्न किसिमका एसेसरिजको सेल करीब २ हप्तासम्म सञ्चालन हुने सम्बन्धित ब्राण्ड विक्रेताहरूले बताएका छन् ।

सेना दिवसमा म्याराथन र भलिबल प्रतियोगिता

फागुन ३, काठमाडौं (अस)। नेपाली सेनाले महाशिवरात्री तथा सेना दिवसको अवसर पारेर म्याराथन र पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ। सेनाले पहिलोपटक यस्तो प्रतियोगिता आयोजना गर्न लागेको हो । 'नागरिक (सैनिक सम्बन्ध सुदृढ बनाउँदै लैजान एवम् नेपाली सेनाका तर्फबाट खेलकुदको विकासमा समेत थप टेवा पुऱ्याउने उद्धेश्यअनुरूप' यी प्रतियोगिता आयोजना गरिएको सैनिक मुख्यालयले बताएको छ ।

नेपाली सेनाको जनसम्पर्क निर्देशनालयले दिएको जानकारीअनुसार 'प्रधान सेनापति प्रथम राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता २०७२' फागुन ९ देखि १४ गतेसम्म लगनखेलस्थित सैनिक शारीरिक तालिम तथा खेलकुन्द्र केन्द्रको कर्भडहलमा सञ्चालन हुनेछ । त्यस्तै, रमाइलोका लागि दौड (रन फर फन) भन्दै सेनाले आगामी फागुन २२ मा 'प्रधान सेनापति प्रथम खुला म्याराथन दौड प्रतियोगिता २०७२' पनि आयोजना गर्ने भएको छ । नेपाल सरकारका मुख्य सचिवको नेतृत्वमा सम्पूर्ण मन्त्रालयका उपसचिवभन्दा माथिका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, सैनिक सहचारी र कूटनीतिक नियोगका प्रमुख, खेलकुद पत्रकार मञ्च, राष्ट्रिय कलाकार, विद्यालयका छात्र/छात्रालगायत समाजका प्रतिष्ठित व्यक्तित्वलाई प्रतियोगितामा सहभागी गराउने सेनाले बताएको छ ।

आर्यघाट जीर्णोद्धारमा चौधरी ग्रूपको साथ

फागुन ३, काठमाडौं (अस) । चौधरी ग्रूपले आर्यघाट-भष्मेश्वरघाट क्षेत्र जीर्णोद्धार तथा सुधार गर्ने भएको छ । चौधरी ग्रूपअन्तर्गतको चौधरी फाउण्डेशन र पशुपति क्षेत्र विकास कोषबीच सोमवार यस क्षेत्रको सुधार परियोजनासम्बन्धी सम्झौता भएको छ ।

सम्झौतासँगै नेपाल सरकारका पूर्व मुख्यसचिव ललिमणि पौडयाल र पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. गोविन्द टण्डनले यस सुधार परियोजनाको पशुपति आर्यघाटमा शुभारम्भ गरेका छन् । सो अवसरमा उनीहरूले उक्त क्षेत्रको सुधारको पहल गरेकोमा चौधरी ग्रुपलाई धन्यवादसमेत दिए । उक्त अवसरमा चौधरी ग्रूपका प्रेसिडेण्ट विनोद चौधरीसमेत उपस्थित थिए । उक्त परियोजनाअनुसार ग्रूपले आर्यघाट, भष्मेश्वरघाट, भष्मेश्वरघाट पाटी, वत्सलेश्वरी पाटी, मङ्गलागौरी मन्दिरलगायत यस परिसरमा रहेका मठ मन्दिरको मर्मत एवम् जीर्णोद्धार गर्नेछ ।

मिलानोमा नेपालको सहभागिता

फागुन ३, काठमाडौं (अस) । टुरिजम बोर्डसहित नेपालका पाँच टूर अपरेटर इटालीको मिलानो शहरमा भएको अन्तरराष्ट्रिय ट्राभल मेलामा सहभागी भएका छन् ।

फेब्रुअरी ११ देखि १३ गतेसम्म भएको सो मेलामा विश्वका विभिन्न देशका टूर अपरेटर, पर्यटक, टेलिभिजन रिपोटर तथा प्रेस जगतको उपस्थिति थियो । पछिल्ला दिनमा मिलानो शहर विश्वका निर्णायक कर्ता, व्यवसायी, क्रेता-विक्रेताको मिटिङ स्थल बन्दै आएको पनि बताइएको छ ।

मेलाको पहिलो दिन ट्रेड र मिडिया अन्तरक्रिया कार्यक्रम इटालीस्थित नेपाली राजदूतावास र स्वीटजरल्याण्डले सञ्चालन गरेका थिए । उक्त कार्यक्रममा विश्वका ५० भन्दा बढी देशका मिडिया तथा पर्यटन व्यवसायीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपालको भूकम्पपछि पर्यटन क्षेत्रमा भइरहेको प्रयासलाई उजागर गरिएको थियो। साथै, विभिन्न देशका सञ्चारकर्मीले भूकम्पपछिको नेपालको अवस्थाबारे चासो व्यक्त गरेका थिए। मेलामा नेपालले आफ्नो प्राकृतिक सुन्दरता र साहसिक पर्यटनबारेमा स्टल राखेको थियो । साथै, दर्शकले नेपालको स्टल हेर्दै नेपाल आउने हवाई सेवा, यहाँको संस्कृति, तथा साहसिक पर्यटनबारे गहिरो चासो व्यक्त गरेको टुरिजम बोर्डले बताएको छ ।

क्रम्प्टन फ्यान डिलर मिट सम्पन्न

फागुन ३, काठमाडौं (अस) । काठमाडौंमा क्रम्प्टन फ्यान डिलर मिट सम्पन्न भएको छ । शनिवार जीपी ट्रेडिङ कन्शर्नको सहकार्यमा त्रिवेणी ग्रूपले क्रम्पटन फ्यान र लाइटिङ डिभिजनको वार्षिक डिलर मिट कार्यक्रम सम्पन्न गरेको हो । सो कार्यक्रममा कम्पनीले नेपाली बजारलाई लक्षित गर्दै विभिन्न प्रकारका सिलिङ, भित्ते पङ्खा ल्याएको थियो । थोरै बिजुली खपत गर्ने यी पङ्खा लगत प्रभावकारी र ऊर्जा किफयती भएको बताइएको छ । त्यस्तै, लाइटिङ बजारलाई दृष्टिगत गर्दै कम्पनीले विभिन्न प्रकारका एलईडी लाइट पनि सार्वजनिक गरेको छ ।

पाँचथरका विद्यार्थीलाई आईएमई आकाङ्क्षा छात्रवृत्ति

फागुन ३, पाँचथर (अस) । आईएमई तथा ग्लोबल आईएमई बैङ्कले सञ्चालन गरेको आईएमई ग्लोबल आईएमई आकाङ्क्षा छात्रवृत्ति पाँचथरका दुई विद्यार्थीले प्राप्त गरेका छन्। असारमा लिएइका आवेदनमध्ये तिरतिरे प्राथमिक विद्यालयका कक्षा २ मा अध्ययनरत छात्र रिशव कटुवाल तथा विद्यावरदान इङ्लिस स्कूलका छात्र कुशल नेपालले सो छात्रवृत्ति पाएका हुन् । उनीहरूलाई जनही १० हजार रुपैयाँबराबरको छात्रवत्ति प्रदान गरिएको बैङ्कले बताएको छ ।

क्षीरेश्वरनाथ नगरपालिका कार्यालय

महेन्द्रनगर, धनुषा, नेपाल

सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७२/११/०४ गत

आ.व.२०७२/०७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रमा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र र क्षीरेश्वरनाथ नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान गर्न कम्पनीहरुबाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१. बोलपत्र फारम रु १,०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा सो दिन विदा परे सो को भोलि पल्ट कार्यालय समयमा वुदा नम्वर ६ मा उल्लेखित कागजातहरु निवेदन साथ पेश गरी खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति ३१ औ दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । उक्त दिन सार्वजनिक विदा परे उक्त कार्य कार्यालय खुलेको भोलि पल्ट हुनेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री -(ने.रा.बैंक जनकपुर), को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं.१७-३६५-०३ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री (ने.रा.बैंक जनकपुर) को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं.१७-३६५-०३ खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२०दिन महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६ बोलपत्रदाताको ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ नोटरी पब्लिक बाट प्रमाणित गरिएका देहायका कागजात पेश गर्नु पर्नेछ । (क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाण पत्रको प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवशाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा प्रति (घ) आ.व. २०७१/०७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (ङ) बैकलपिक उर्जा प्रवर्द्धन केन्द्र खुमलटार ललितपुरबाट मान्यता प्राप्त गरेको पत्रको प्रतिलिपी ।

७. बोलपत्र फारमको Section III Biding data को ITB 3.1 मा उल्लेखित योग्यताहरु पूरा गरेका योग्य बोलपत्र दाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

८. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

९. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

११. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१२. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१३. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.chhireshwornathmun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

ठेक्का नं.	आयोजनाको नाम	ल.ई.रकम (मु.अ.कर वाहेक)	धरोटी रकम	बोलपत्र दस्तुर	कैफियत
SSL-1/2072-073	सौर्य सडक बत्ती जडान कार्य	४०११४५०।-	११९९५०।-	१०००।-	

कार्यकारी अधिकृत

युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि.

ट्रेड टावर (चौथो तल्ला), थापाथली, काठमाण्डौं, नेपाल
फोन नं. ०१-५१११११११, फ्याक्स नं. ९७७-१-५१११११२
इमेल: uic@mail.com.np वेब: www.unitedinsurance.com.np

परिशिष्ट १ (निर्देशन १ सँग सम्बन्धित)

निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण

आ.व २०७२/०७३ को दोस्रो त्रैमासिक (२०७२ पौष मसान्त) सम्मको लेखापरीक्षण हुन बाँकी वित्तीय परिणाम

रकम रु हजारमा

		लेखा परिक्षण नभएको	लेखा परिक्षण नभएको	लेखा परिक्षण भएको
	बासलात			
क्र.सं.	विवरण	यस त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा
१	श्रोत (१.१ देखी १.४ सम्म)	४६४,३०७	४५७,३५९	२८१,८८५
१.१	चुक्ता पूंजी	२५२,०००	२५२,०००	१००,८००
१.२	जगेडाकोष	१४१,८३५	१३७,४१७	११४,३४३
१.३	बीमा कोष	७०,४७२	६७,९४२	६६,७४२
१.४	तिर्न बाकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-
२	उपयोग (२.१ देखि २.५ सम्म)	४६४,३०७	४५७,३५९	२८१,८८५
२.१	स्थिर सम्पति (खुद)	३४,६३६	३४,००५	२७,५२५
२.२	दिर्घकालिन लगानी तथा कर्जा	१२९,६५६	७५,४८५	२०,३१६
२.३	खुद चालु सम्पती (३-४)	२९९,७६५	३४७,५७४	२३३,६१३
२.४	अपलेखन वा समायोजन हुन बाकी विविध खर्च	२५०	२९५	४३१
२.५	नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान			
	खुद चालु सम्पतीको विवरण	-	-	-
३	चालु सम्पति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)	१,००५,०९१	१,०८०,७०९	१,०१५,४६४
३.१	नगद तथा बैक मौज्दात	७२,८३६	६२,१६०	५६,०२२
३.२	अल्पकालिन लगानी तथा कर्जा	४२५,२२५	४२४,०९४	६१२,४५०
३.३	अन्य सम्पति	५०७,०३०	५९४,४५५	३४६,९९२
४	चालु दायित्व तथा ब्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)	७०५,३२६	७३३,१३५	७८१,८५१
४.१	चालु दायित्व	१७८,३५१	२०९,०३२	४३३,६२१
४.२	असमाप्त जोखिम वापत ब्यवस्था	२०१,२१०	१८८,८११	१३६,१९४
४.३	भुक्तानी हुन बाकी दावी वापत व्यवस्था	१८४,५८२	१९४,२८४	६७,३२४
४.४	अन्य व्यवस्था	१४१,१८३	१४१,००८	१४४,७१२
	नाफा नोक्सान हिसाब			
क्र.सं.	विवरण	यस त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा
१	आम्दानी (१.१ देखि १.४ सम्म)	१५,९५३	८,८१६	२६,३४७
१.१	आय व्यय हिसाबबाट सारेको	१,०१३	१,५४८	१५,४५२
१.२	लगानी कर्जा तथा अन्यबाट आय	९,०९०	७,२६८	१०,८९५
१.३	व्यबस्था फिर्ता	५,८५०	-	-
१.४	अन्य आम्दानी	-	-	-
२	व्यबस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)	६,६२८	४,५५०	११,८८४
२.१	व्यवस्थापन खर्च	३,९२४	२,०६८	३,५२८
२.२	अपलेखन खर्च	९१	४५	९१
२.३	अन्य खर्च	-	-	-
२.४	नोक्सानीको लागि व्यबस्था	-	-	-
२.५	कर्मचारी आवास व्यवस्था	-	-	-
२.६	कर्मचारी बोनस व्यवस्था	१,०८५	६०९	२,०६६
२.७	आयकर	१,५२८	१,८२८	६,१९९
३	खुद नाफा नोक्सान (१ - २)	९,३२५	४,२६६	१४,४६३
	एकिकृत आय व्यय हिसाब			
क्र.स	विवरण	यस त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा
१	आय(१.१ देखि १.६ सम्म)	४९३,२६०	४१५,०१३	३०८,५११
१.१	बीमा शुल्क (खुद)	१४८,७१०	७६,२५१	१२४,५०९
१.२	पुर्नबीमा कमिशन आय	२२,३६०	१९,५६१	२८,९०९
१.३	लगानी कर्जा तथा अन्यबाट आय	१२,५८९	९,६००	९,५७१
१.४	अन्य प्रत्यक्ष आय	-	-	-
१.५	यस बर्षको शुरुको भुक्तानी हुन बाकी दावी वापत ब्यवस्था	१७९,९४८	१७९,९४८	५९,८९७
१.६	यस बर्षको शुरुको असमाप्त जोखिम वापत ब्यवस्था	१२९,६५३	१२९,६५३	८५,६२५
२	व्यय (२.१ देखि २.८ सम्म)	४९२,२४७	४१३,४६५	२९३,०५९
२.१	दावी भुक्तानी	८७,९३७	३३,७२९	३९,५१८
२.२	अभिकर्ता कमिशन	६,५७२	२,०२७	१६,४८९
२.३	पुर्नबीमा कमिशन खर्च	-	९२	५३५
२.४	सेवा शुल्क (खुद)	१,४८७	७६३	१,२४५
२.५	अन्य प्रत्यक्ष खर्च	-	-	-
२.६	व्यवस्थापन खर्च	३५,३११	१८,६१२	३१,७५४
२.७	यस अवधिको अन्त्यको भुक्तानी हुन बाकी दावी वापत व्यवस्था	१८४,५८१	१९४,२८३	६७,३२४
२.८	यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था	१७६,३५९	१६३,९५९	१३६,१९४
३	नाफा नोक्सान हिसाब (१-२) मा सारेको	१,०१३	१,५४८	१५,४५२
	अन्य			
क्र.स	विवरण	यस त्रैमासिक अन्तमा अन्त्यसम्ममा	अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा	अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा
१	कुल बीमाशुल्क आर्जन रकम रु. हजारमा	२५१,५८२	१२९,३१७	२१७,९५५
२	जारी बीमालेखको संख्या	२४,९२४	१३,५०२	१९,३२२
३	नबीकरण गरिएको बीमालेख संख्या	४,४१८	२,१८५	४,९४९
४	कुल दाबी भुक्तानी रकम रु. हजारमा	२२१,६१२	१२३,२१४	७१,५६९
५	कुल दाबी भुक्तानी संख्यामा	९४४	५६९	५४५
६	भुक्तानी हुन बाकी दाबी रकम रु. हजारमा	७११,१५०	८९५,५६९	१३४,८७४
७	भुक्तानी हुन बाकी दाबी संख्यामा	१,७५४	१,८३८	९७७

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूचि (१४ नियम २२ को उपनियम (२) सँग सम्बन्धित

आर्थिक वर्ष २०७२/०७३ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तिय विवरण :

(क) यस कम्पनीको आर्थिक वर्ष २०७२।०७३ को दोस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान तथा एकिकृत आय व्यय हिसाब विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरु

प्रति शेयर आम्दानी	३.७०	मुल्य आम्दानी अनुपात	१०६.७५
प्रति शेयर नेटवर्थ	१८४.२८	प्रति शेयर कूल सम्पत्तिको मूल्य	४६४.०४
तरलता अनुपात	२:७७		

२. व्यवस्थापकीय विश्लेषण :

समिक्षा अवधिमा कम्पनीको कार्य संचालन सुचारु रुपले भैरहेको र वित्तिय स्थिति सन्तोषजनक रहेको छ । यस कम्पनीले आ.ब. २०७२।०७३ को दोस्रो त्रैमासिकको अन्त्यसम्ममा र अधिल्लो आ.ब. २०७१।०७२ को सम्बन्धित त्रैमासिक अन्त्यसम्मको तुलनामा बीमा शुल्क रु. ३ करोड ३६ लाख २७ हजारले अर्थात १५.४३ प्रतिशतले वृद्धि भएको छ । आगामी दिनहरुमा व्यवसायिक विविधिकरण गरी मुलुकका अन्य क्षेत्रमा कार्यालयहरु विस्तार गरी थप सेवा प्रदान गर्ने योजना रहेको छ साथै कृषि बीमालाई उच्च प्राथमिता दिने योजना रहेको छ ।

३ कानूनी कारवाही सम्बन्धि विवरण :

(क) उल्लेखित त्रैमासिक अवधिमा यस कम्पनीले वा यस कम्पनीका विरुद्व कुनै मुद्दा दायर नभएको - तर हालसम्म यस कम्पनीसँग सो त्रैमासिक अवधि बाहिरका केहि मुद्दाहरु सम्मानित अदालतमा विचाराधिन रहेका छन् ।

(ख) कम्पनीको सस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कम्पनीको सस्थापक वा संचालक विरुद्धमा आर्थिक अपराध सम्बन्धमा कुनै मुद्दा नभएको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :

शेयर कारोवार सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

अधिकतम मूल्य	रु. ५५३	न्यूनतम मूल्य	रु. ३४१
अन्तिम मूल्य	रु. ४९०	कारोबार भएको कुल दिन	२८ दिन
कारोबार संख्या	६४८	कारोबार शेयर कित्ता	१९९६२८ कित्ता

५. समस्या र चुनौति :

विगत पाँच (५) महिना देखि जारी असहज अवस्था तथा छिमेकी देशबाट भएको अघोषिक नाकाबन्दीको कारण समग्र परिस्थिती प्रतिकुल वन्न पुगेको छ, यसवाट बीमा व्यवसायमा ठूलो असर पर्न गएको छ र साथै यसले लामो समय सम्म असर पार्ने दखिन्छ । तराइ क्षेत्रमा भएको आन्दोलनको कारण उद्योग धन्दा कल कारखाना लामो समय सम्म बन्द भएको कारणले गर्दा समग्र आर्थिक अवस्थामा प्रतिकूल प्रभाब पर्न गएको र यसबाट बीमा क्षेत्रमा पनि प्रतिकुल प्रभाव परेको छ, साथै सोही अवधिमा यात्रु वाहक बस तथा अन्य सवारी साधन माथि भएको क्षेतीले पनि बीमा कंम्पनीको आम्दानीमा प्रतिकुल असर गरेको छ । बीमा सम्बन्धी जनचेतनाको अभाव, मोटर व्यवसायमा बड्दो दाबी तथा पूनर्बीमक कम्पनीहरु बाट क्रमश जोखिम धारण घटाउदै लगेको अवस्था, बीमा बजारमा बढ्दै गएको अस्वस्थ प्रतिस्पर्धाहरुलाई चुनौतिका रुपमा स्वीकार्दै सो अनुरुप दक्ष जनशक्तिको विकाश गरि कम्पनीलाई अझ सफल वनाई विभिन्न किसिमका रणनितिहरु अवलम्बन गरि ग्राहक वर्गमा छिटो छरीतो सेवा प्रदान गर्नेछ

६. संस्थागत सुशासन :

संस्थागत सुशासनको लागि कम्पनी सदैव तत्पर रहेको तथा आफ्ना शेयरधनी, ग्राहकहरु तथा नियमनकारी निकायहरुलाई समय समयमा सत्य तथ्य सूचना प्रदान गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ । बीमा समितिबाट जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०६९ को पूर्ण रुपमा पालना गरीएको छ । साथै निर्देशिका बमोजिम बीमा समितिलाई पेश गर्नु विवरणहरु तथा सम्बन्धित निकायहरुलाई पेश गर्नु पर्ने आवधिक विवरणहरु यथाशिघ्र पेश गर्नका लागि कम्पनीको विद्यमान सफ्टवेयरलाई आवधिक गराई चुस्त तथा दुरुस्त सेवा प्रदान गर्नका लागि पहल गरेका छौ । आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाउनको लागि आन्तरिक लेखापरिक्षण कार्य विस्तृत रुपमा सम्पादन गराइ प्राप्त सुझावहरुको कार्यन्वयन समयमै गर्ने व्यवस्था मिलाइएको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन ।